**भीमेश्वर नगरपालिका :**

भीमेश्वर नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लाको सदरमुकाममा अवस्थित ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक, प्राकृतिक र पर्यटकीय दृष्टिकोणले प्रसिद्ध एवम् रमणीय नगरपालिका हो । यो नगरपालिका वि.सं. २०५३ सालमा तत्कालीन चरिकोट, माटी, दोलखा र मकैबारी गाविसहरू समावेश गरेर स्थापना गरिएकोमा वि.सं. २०७३ सालमा पुनः साविकको सुष्पाक्षमावती, बोच र लाकुरीडाँडा गाविसहरू भीमेश्वर नगरपालिकामा थप गरी हालको भीमेश्वर नगरपालिका सङ्घीय स्वरूपमा पुनर्संरचना एवम् पुनर्गठन गरिएको हो । यस नगरपालिकालाई ९ वटा वडाहरूमा विभाजन गरिएको छ । आफ्नो मूर्तिमा पसिना उत्पन्न गरेर देशमा प्राकृतिक हलचल, अनिष्ट र राजनीतिक परिवर्तनको पूर्वसूचना दिने साक्षात् शक्तिशाली सहस्र अवतारको देवताका रूपमा परिचित भीमेश्वरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको छ । यस नगरपालिकाको केन्द्र 'चरिकोट' नेपालको राजधानी काठमाडौंबाट १३३ कि.मि. उत्तर-पूर्वमा अवस्थित छ ।

२७ डिग्री ३६ मिनेट उत्तरदेखि २७ डिग्री ४४ मिनेट उत्तरी अक्षांशसम्म र ८५ डिग्री ५८ मिनेट पूर्वदेखि ८६ डिग्री ६ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाको क्षेत्रफल १३२.५ वर्ग कि.मि. रहेका छ भने पूर्व पश्चिम लम्बाई १७ कि.मि.सम्म र उत्तर दक्षिण चौडाइ १० कि.मि.सम्म रहेको छ । यस नगरपालिकाको पूर्वमा वैतेश्वर गाउँपालिका, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा कालिञ्चोक गाउँपालिका र सिन्धुपाल्चोक जिल्ला तथा दक्षिणमा शैलुङ्ग गाउँपालिका पर्दछन् । पहाडी प्रदेश अन्तर्गत पर्ने र न्यूनतम ८४० मिटर (चर्नावती त्रिवेणीधाम) देखि अधिकतम ३५४९ मिटर (गणेश थुम्की) सम्मका उचाइमा रहेका यस नगरपालिकाको केन्द्र चरिकोट १९७० मि. उचाइमा रहेको छ । नगरपालिकाको तल्लो भागमा उतोष्ण हावापानी पाइन्छ भने मध्ये भागमा न्यानो समशितोष्ण हावापानी र माथिल्लो भागमा शितोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको कुल भुभाग मध्ये लगभग ५८ प्रतिशत भूभाग वन क्षेत्रले ढाकेको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार भीमेश्वर नगरपालिकामा जनगणना घर संख्या ९,०४९, परिवार संख्या १०,२६५, प्रारम्भिक जनसंख्या महिला १८,२२७, पुरुष १६,८९५ गरी जम्मा ३५,१२२ रहेको छ । वि.सं. २०७५ सालमा भीमेश्वर नगरपालिकाले गरेको घरधुरी तथ्याङ्क सर्वेक्षण प्रतिवेदनअनुसार नगरपालिकामा १०,२५५ घरधुरी रहेका छन् । उक्त सर्वेक्षणमा यस नगरपालिकामा बसोवास गर्ने जनसङ्ख्या ३६,११५ (पुरुष ४८.६३%, महिला ५१.१६% र अन्य ०.२१%) जना, अनुपस्थित जनसङ्ख्या ३५५२ (१८५१ घरपरिवारबाट) जना र कुल जनसङ्ख्या ३९६६७ जना रहेको पाइएको छ। अनुपस्थित जनसङ्ख्या मध्ये सबैभन्दा बढी (२७.६५ प्रतिशत जनसङ्ख्या) नोकरीका लागि अनुपस्थित रहेको देखिन्छ । यस नगरपालिकामा जनघनत्व २७३ प्रति वर्ग कि.मि. रहेको छ । जातिगत दृष्टिकोणबाट यस नगरपालिकामा क्षेत्री ४०.६४ प्रतिशत, नेवार १४ प्रतिशत, तामाङ १२.५९ प्रतिशत, थामी ११.९८ प्रतिशत, बाहुन ८.८६ प्रतिशत, कामी २.९५ प्रतिशत, घर्ती (भुजेल) २.९१ प्रतिशत र अन्य ६.०७ प्रतिशत जातजातिहरूको बसोबास गर्दछन् । धार्मिक दृष्टिकोणले हिन्दु ८२.०४ प्रतिशत, बौद्ध १३.३४ प्रतिशत, किरात ३.३८ प्रतिशत, क्रिश्चियन ०.३९ प्रतिशत, ईस्लाम ०.११ प्रतिशत र अन्य ०.७४ प्रतिशत धर्म मान्ने मानिसहरूको बसोबास रहेको पाइन्छ । भाषाको दृष्टिकोणले नेपाली भाषा बोल्ने ८०.३१ प्रतिशत, तामाङ भाषा बोल्ने १०.५९ प्रतिशत, नेवारी भाषा बोल्ने ७.९० प्रतिशत र अन्य १.२० प्रतिशत रहेका छन् । यस नगरपालिकामा ५ वर्ष वा सोभन्दा माथिको उमेर समूहका कुल जनसङ्ख्या ३३,७८५ मध्ये २५,३७२ (७५.१० प्रतिशत) साक्षर रहेका छन् । यस मध्ये महिला ११,८२१ र पुरुष १३,५५१ साक्षर रहेको छ ।

भीमेश्वर मन्दिर, त्रिपुरा सुन्दरी मन्दिर, मञ्जुश्री मन्दिर, वाराणसी मन्दिर, महाङ्काली मन्दिर, चर्नावती ( त्रिवेणीधाम), चरिघ्याङ गुम्बा यहाँको प्रसिद्ध धार्मिक स्थल हुन भने कालिञ्चोक भवगती मन्दिर प्रवेशद्वारको रूपमा समेत यस नगरपालिका रहेको छ ।

तामाकोशी नदी, दोल्ती खोला, चर्नावती खोला आदि भीमेश्वर नगरपालिकाको प्रमुख नदी एवम् खोलाहरू हुन् । थामी सङ्ग्रहालय, चम्पूजा पार्क, मञ्जुश्री पार्क, खप्तड कुटी पार्क, इन्द्रसिंहदेव पार्क, इको पार्क सिमपानी पोखरी, बाल उद्यान आदि प्रमुख सङ्ग्रहालय, पार्क एवम् उद्यानहरू हुन् । ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक सम्पदाहरूको धनी यस नगरपालिकामा प्रशस्त पाटीपौवा रहनुका साथै धेरै स्थानीय जात्रा, पर्व र मेलाहरू मनाउने परम्परा रहेको छ । गाईजात्रा, मच्छिन्द्रनाथको रथ यात्रा यहाँको महत्वपूर्ण जात्रा एवम् पर्वहरू हुन् ।

भीमेश्वर नगरपालिकामा पर्ने हालको दोलखा बजार चरिकोटबाट ४ कि.मी. उत्तर-पूर्वमा पर्दछ जुन प्राचीन कालमा दोलखा राज्यको राजधानी रहेको थियो । त्यस कालमा यो बजार अभयपुरको नामबाट परिचित थियो । हाल यस बजारलाई मन्दिर र मूर्तिहरूको नगरीका रुपमा चिनिन्छ । ऐतिहासिक कालमा यो राज्य सम्पन्न, स्वतन्त्र र सशक्त राज्य रहेको पाइन्छ । सोह्रौं शताब्दीमा दोलखाका राजा जयईन्द्रसिंह देवले नेपालमा नै पहिलो पटक चाँदीको मोहर (टक) प्रचलनमा ल्याएका थिए । महाभारत कालमा पाँच पाण्डवहरूले यहीँ गुप्तवास बसेको र उनीहरूले बोल्ने भाषा नै दोलखा बजारको नेवारी समुदायले हाल बोल्ने गरेको भाषा रहेको विश्वास गरिन्छ जुन अन्य नेवारी भाषा भन्दा फरक रहेको छ । यस बजारमा भीमेश्वर मन्दिर, त्रिपुरा सुन्दरी भगवती मन्दिर, काली मन्दिर, टक्सार घर, चम्पूजा हरियाली पार्क आदि रहेका छन् । यसका अतिरिक्त यस बजारमा टोलै पिच्छे विभिन्न मन्दिर, स्तूप, पाटी र डबलीहरू रहेका छन् । यस बजारमा वर्षभरि नै विभिन्न प्रकारका जात्रा र उत्सव चलिरहन्छन् । यो बजारलाई प्राचीन सांस्कृतिक सम्पदा र नेवारी समुदायको सांस्कृतिक संग्रहालयको रुपमा लिइन्छ ।

इतिहास शिरोमणी बाबुराम आचार्यले भनेका थिए : “दोलखाको इतिहास नलेखिकन नेपालको इतिहास लेखन पूरा हुँदैन ।” त्यसैले यो बजार पुरातात्त्विक महत्त्वका सम्पदाहरूको बजार हो । दोलखा बजार आफैँमा एउटा ऐतिहासिक, धार्मिक, पुरातात्विक र सांस्कृतिक रुपमा संग्रहालय जस्तो रहेको छ । यसको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पक्षहरूलाई समेटेर एकीकृत पर्यटन विकास गर्न भीमेश्वर नगरपालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने लक्ष्य लिएको छ । यो ऐतिहासिक, धार्मिक र सांस्कृतिक बजार क्षेत्रलाई बागमती प्रदेश र भीमेश्वर नगरपालिका पर्यटन गन्तव्यको रूपमा विकास गर्न प्राथमिकताको साथ लागिरहेको छ । भीमेश्वर नगरपालिकाले यस बजार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न आवश्यक पहल थालेको छ । अन्तर्राष्ट्रिय चलचित्र नगरी परियोजना निर्माण भइरहेको स्थल यसै नगरपालिकाको वडा नं. ९ स्थित डाङडुङ्‌डाँडामा पर्दछ ।

भीमेश्वर नगरपालिकाले भौगोलिक, जनसाङ्खिक, भौतिक, आर्थिक, सामाजिक, वातावरणीय पक्षहरू लगायत विकासका सूचकाङ्क समावेश गरी **‘भीमेश्वर नगरपालिकाको पाश्र्वचित्र २०७५’** प्रकाशन गरिएको छ । आगामी पाँच वर्षका लागि **‘जैविक कृषि, पर्यटन र दिगो पूर्वाधार; शिक्षा, स्वास्थ्य, संस्कृतिले समृद्ध भीमेश्वर’** भन्ने दीर्घकालीन सोच सहितको **‘बृहत् आवधिक योजना’** तर्जुमा गरिएको छ । नगरपालिकाको प्रत्येक वडाहरूमा अलग पहिचान सहितको विकास निर्माण गर्ने प्रयास भइरहेको छ ।

धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक छटाले सिँगारिएको भीमेश्वर नगारपालिका आन्तरिक एवम् बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यको रूपमा रहेको छ ।